***BMC Research Journal***
**ISSN:** 2795-1731
Peer-reviewed, Interdisciplinary
Open Access Journal
Indexed in NepJOL

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailalai, Nepal
**URL:** www.birendracampus.edu.np

*Research Article*

# नेपालका प्रमुख भाषाहरूको प्रयोग अवस्था

**द्वारिकाप्रसाद भण्डारी**
उपप्राध्यापक
वीरेन्द्र विद्यामन्दिर क्याम्पस टीकापुर, कैलाली, नेपाल

*Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal*

*Publication: June 2024, Volume: 3. BMC Research Journal*

*Corresponding author: Dwarika Prasad Bhandari, Email: dwarikatkp@gmail.com*

*Copy right© The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).*

**लेखसार**

*भाषा मानवीय विचार र भावना प्रकट गर्ने सशक्त माध्यम हो । नेपाल सामाजिक, सांस्कृति र भौगालिक दृष्टिले समृद्ध मुलुक भएकाले यहाँ भाषाको विकास क्रमशः हुदै आएका पाइन्छन् । भाषा आयोगको प्रतिवेदनअनुसार नेपालमा देवनागरी, सम्बोटा, सिरिजङ्गा, रञ्जना, रोङ, अखा, मिथिलाक्षर, कैथी, पर्सो अरेविक, तामहिग, ओइचिक, बाङ्ला, गुरुमुखी र रोमन गरी १४ लिपि भएका भाषाहरू र पाँच भाषापरिवारका भाषाहरू बोलिन्छन् । भाषा आयोग २०७८ अनुसार नेपालमा भाषाहरूको सङ्ख्या १३१ रहेको छ । नेपालमा बोलिने प्रमुख भाषाहरूको विश्लेषणात्मक अध्ययन गरी तिनीहरूको प्रयोग अवस्था निर्धारण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस अनुसन्धानमा प्राथमिक स्रोतका रूपमा भाषाविद्धसँग सोधेर सामग्रीको सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतमा पुस्तकालय कार्यको प्रयोग गरी विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिकाबाट सामग्री सङ्कलन गरिएको छ । २०६८ को प्रतिवेदनमा उल्लेखित १२३ भाषाहरूमध्ये अधिकाँश भाषाहरू लोपोन्मुख हुन लागेका देखिन्छन् । भाषाहरूको जीवन्तताको स्थितिलाई हेर्दा ५३ सुरक्षित, ५१ संकटापन्न, ११ अपसरणशील, ६ मृतप्रायः १ सुषुप्त र १ लोप भएको कुरा उल्लेख गरिएको छ । यसरी भाषामा लिपिभन्दा पनि लेख्य परम्परा नहुनु, पुस्ताहस्तान्तरणको प्रक्रिया रोकिनु, बसाइसराइका कारण भाषिक जनसङ्ख्या छरपष्टिनु, सबै भाषाले मातृभाषामा शिक्षण सिकाइ क्रियाकलाप गर्न नसक्नु, भाषाको विकासले निरन्तरता नपाउनु, आदिजस्ता कारणहरूले अहिले धेरैजसो मातृभाषी समुदायले आफ्नो भाषाको विकास तथा बिस्तारमा कठिनाइ भोग्नु परिरहेको छ ।*

**मुख्य शब्दावली :** भाषिक अवस्था, साहित्य लेखन, लोपोन्मुख, हस्तान्तरण, सङ्कटापन्न ।

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय वस्तु हो । यो सम्प्रेषणमूलक हुने गर्दछ । भाषा मानवीय विचार र भावना प्रकट गर्ने माध्यम हो । मानवीय उच्चारित अवयवद्वारा उच्चारित ध्वनि नै भाषा हो (लामिछाने, २०५८ : पृ.३) । भाषा यस्तो साधन हो, जसका माध्यमले हामी आफ्नो विचारलाई व्यक्त गर्ने गर्दछौं । भाषा स्वैच्छिक रूपले उत्पादित प्रतीकहरूका साधनले विचार, भावना र इच्छाहरूको सञ्चार गर्ने विशद्ध मानवीय र अ-स्वस्फूर्त विधि हो (यादव र रेग्मी २०५९ : पृ.७) । भाषा विना मनुस्य सर्वथा अपूर्ण छ र आफ्नो इतिहास र परम्परादेखि अच्छिन्नछ ।नेपाल भौगोलिक रूपमा सानो भए तापनि सामाजिक, सांस्कृति र भौगालिक दृष्टिले समृद्ध छ । नेपालमा रहेका भाषाहरूको इतिहासलाई पल्टाएर हेर्दा विभिन्न भाषाहरू प्राचीन कालदेखि नै क्रमशः विकास हुदै आएको पाइन्छ । किराँत, तिब्बती, पाली आदि भाषा र ब्राह्मी, सिरिजङ्गा, देवनागरी, रञ्जना आदि लिपिको विकास भएको पाइन्छ । समयको पविर्तनसंगै नेपालमा विभिन्न जातजाती, भाषाभाषी र संस्कृतिको विकास भएको पाइन्छ । भाषा आयोग २०७८ को प्रतिवेदनअनुसार नेपालमा देवनागरी (नेपाली लगायतका भाषा), सम्बोटा (शेर्पा र तिब्बती), सिरिजङ्गा (लिम्बु), रञ्जना (नेवारी), रोङ (लाप्चा), अखा (मगर), मिथिलाक्षर (मैथली), कैथी (भोजपुरी र मैथली), पर्सो अरेविक (उर्दू), तामहिग (तामाङ र शर्पा), ओइचिक (सन्थाल), बाङ्ला (बङ्गाली), गुरुमुखी (पञ्जावी), र रोमन (अङ्ग्रेजी) लगायतका १४ ओटा लिपि भएका भाषाहरू प्रचलनमा रहेका छन् (पौडेल र भट्टराई, २०७७ : पृ २११) । भाषा आयोग २०७८ ले माथिका १४ लिपि भएका भाषालाई प्रमुख भाषा बताएपनि अरूको महत्त्व तथा प्रयोगलाई पनि नकार्न सकिदैन्

संस्कृत भाषाले शिक्षा र कर्मकाण्डका माध्यमबाट विकसित हुने अवसर पाएपनि वर्तमानको अवस्थामा यस भाषाले आफूलाई सङ्कटको अवस्थामा झेल्नु परिराखेको छ । मल्लकालमा राजा जयस्थिति मल्लको उदयपछि नेवारी भाषाले लिखित रूपमा अगाडि बढ्ने अवसर प्राप्त गरको थियो । नेवारी भाषा प्रयोगमा आइपछि संस्कृत भाषाको प्रयोग क्रमशः घट्न थालेको थियो । नेपालमा व्यापारिक उद्देश्यले भारतीयमूलका मुसलमानहरूको नेपालमा प्रवेश भएपछि उर्दू र फारसी भाषाको विकास तथा विस्तार मल्लकालमा मल्लकालिन राजाहरूको सहयोगबाट भएको पाइन्छ ( पौडेल र भट्टराई २०७७ : पृ २११) । नेपालमा प्राचीन कालदेखि हालसम्म भाषा विकासको ऐतिहासिक तथ्यहरूलाई हेर्ने हो भने जातजाति, भाषिक पृष्ठभूमि, व्यापारिक सन्दर्भ, भौगोलिक अवस्थिति आदिका आधारमा भाषाको विकास भएको पाइन्छ।

भाषावैज्ञानिक दृष्टिकोणबाट सर्वेक्षण हुन बाँकी भएपनि हाल नेपालमा मुख्य रूपमा चार प्रकारका भाषा परिवारहरू चलनचल्तीमा बढी बोलिन्छन । नेपालमा विश्वका चर्चित भाषापरिवारका भाषाहरूमध्ये क.भारोपेली भाषा परिवार ख.भोटबर्मेली भाषा परिवार ग.आग्नेली भाषा परिवार घ.द्रविड भाषा परिवार र एक (कुसुन्डा) परिवारको एउटा भाषा बोलिने गरेको छ(ओझा, २०६७ : पृ ४०८)। भारोपेली परिवारको भाषा विश्वमा सबैभन्दा धेरै मानिसहरूले बोल्ने भाषाका रूपमा रहेको छ । नेपालमा पनि सबैभन्दा बढी वक्ता तथा प्रयोगकर्ता यसै भाषा परिवारका रहेको कुरा राष्ट्रिय जनगणना २०६८ र भाषा आयोगको प्रतिवेदन २०७८ को तथ्याङ्कबाट स्पष्ट हुन्छ । भोटबर्मेली,

आग्नेली र द्रविड भाषा परिवारका वक्ताहरू विश्वका साथै नेपालमा पनि उल्लेख्य रूपमा रहेका छन् । नेपालमा बोलिने कुसुन्डा भाषाको अध्ययनमा भाषावैज्ञानिकहरूले उपर्युक्त चार भाषापरिवारको भन्दा भिन्न अभिलक्षण कुसुन्डा भाषामारहेको दृष्टिकोण राखेका छन्  ।

यसरी सम्पूर्ण तथ्यहरूलाई आधार मानेर हेर्ने हो भने नेपालमा हाल पाँचओटा भाषापरिवारका भाषाका वक्ता तथा प्रयोगकर्ता बसोबास गर्नेगरेको पाइन्छ । नेपालमाबोलिने भाषाहरूको सङ्ख्या पनि बढ्दो क्रममा रहेको कुरा पछिल्ला जनगणनाको तथ्याङ्कबाट स्पष्ट हुन्छ । पछिल्लो जनगणना र भाषा आयागको प्रतिवेदन २०७८ लाई हेर्ने हो भने नेपालमा हाल अस्तित्वमा रहेका भाषाहरूको सङ्ख्या१३१ पुगेको छ(भाषा आयोग प्रतिवेदन, २०७८) ।  भाषाहरूको सङ्ख्या बढ्नुमा भाषाप्रति भाषिक बफादारिता बढ्नु, आफ्नो पहिचान खोज्नु, शिक्षाको स्तर बढ्नु, भाषिक रूपमा सङ्गठित हुनु, राज्यले भाषाको संरक्षण, संबर्धन र विकासमा अग्रसरता देखाउनु आदि मुख्य रहेका छन् । प्रस्तुत अध्ययनमा नेपालका प्रमुख भाषाहरूको समग्रतामा सामान्य खालको अध्ययन भएपनि वृहत रूपमा नभएको देखिएकाले प्रस्तुत अनुसन्धानात्मक लेख नितान्त नवीन, तथ्यपरक खोजमूलक वस्तुपरक र वस्तुनिष्ठ भएको अनुसन्धाताको ठहर रहेको छ ।

## समस्याकथन

नेपालमा नेपाली भाषालगायत अस्तित्त्वमा रहेका अन्य भाषाहरूको विकास तथा विस्तार के कसरी भइरहेको भन्ने बारेमा अध्ययन गर्ने कार्य आफैमा एक समस्याको रूपमा रहेको छ । नेपालमा बोलिने प्रमुख भाषा तथा तिनका भाषा परिवारहरूको अवस्थिति वर्तमानको समयमा के कस्तो रहेको छ भनी राष्ट्रिय जनगणना र भाषा आयोगबाहेक अन्य क्षेत्रबाट खासै अध्ययन तथा अनुसन्धान भएको पाइदैन् । नेपालमा रहेका प्रमुख भाषाहरूको वास्तविक प्रयोगको अवस्था, क्षेत्र, सङ्ख्या आदिका बारेमा जानकारी दिनु वा लिनुपनि आफैमा ठूलो समस्याका रूपमा रहेको छ । यी र यस्तै समस्याहरूको उजागर गरी समाधान गर्नतर्फ प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य नेपालमा बोलिने प्रमुख भाषाहरूको विश्लेषणात्मक अध्ययन गरी तिनीहरूको प्रयोगको अवस्था निर्धारण गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको विषय गुणात्मक अनुसन्धानढाँचामा आधारित रहेको छ । सामग्री सङ्कलनका विधिहरू प्राथमिक र द्वितीयक स्रोतमध्ये प्राथमिक स्रोतका लागि भाषाका बारेमा जानकार वा विज्ञहरूलाई सोधर सामग्रीको सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतको सामग्री सङ्कलनका लागि विशेष गरी पुस्तकालय कार्यको प्रयोग गरी विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिकाको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धति अवलम्बन गरी निष्कर्ष निकालिएको छ ।

## परिणाम तथा छलफल

संसारमा करिव ६ हजारभन्दा बढी भाषाहरू बोलिने गरेको पाइन्छ । तीमध्ये नेपाली भाषा पनि एक हो । नेपाली भाषा भारोपेली भाषापरिवारको सतम् वर्गभित्र पर्ने भाषा हो । यसको सम्बन्ध आधुनिक आर्य-इरानेली भाषासँग रहेको पाइन्छ । नेपाली भाषा आधुनिक वा आर्य भाषाहरूमध्ये एक भएको हुनाले संस्कृत, प्राकृत र अपभ्रंशसँग सम्बन्ध हुनु स्वभाविक मानिन्छ । नेपाल भौगोलिक रूपमा सानो देश भए तापनि सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिले अत्यन्त समृद्ध मुलुक हो । नेपाल विविध जातजाति, धर्म, संस्कृति र भाषाभाषीको सङ्गमस्थल पनि हो । नेपालमा विश्वका चर्चित भाषापरिवारका भाषामध्ये चारओटा भाषापरिवारका भाषा र एकल (कुसुन्डा)परिवारको भाषा प्रयोग व्यवहारमा रहेका छन् । नेपालमा भाषाको सङ्ख्या समयको गतिसँगै बढ्दो क्रममा रहेको कुरा पछिल्ला जनगणनाको तथ्याङ्कबाट स्पष्ट हुन्छ ।  भाषावैज्ञानिक दृष्टिबाट सर्वेक्षण हुन बाँकी भए पनि नेपालमा मुख्य रूपमा भारोपेली, चिनीयाँ-तिब्बती, द्रविड र आग्नेली परिवारका भाषाहरू बोलिएको पाइन्छ (ओझा, २०६७ : पृ.४०८) । राष्ट्रिय जनगणना २०६८ र भाषा आयोग २०७८को प्रतिवेदनअनुसारनेपालमा बोलिने भाषाहरूमध्ये प्रमुख बोलीचाली तथा प्राथमिकतामा रहेका एक प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका १४ ओटा भाषाहरूको सामान्य परिचय (पौडेल र रमेश भट्टराई, २०७७ : पृ.२१२) दिई तिनको लिपि, साहित्य लेखन, शब्दकोश निर्माण, मातृभाषामा पठनपाठन, प्रयोग हुने मुख्य क्षेत्र तथा शिक्षामा उच्च तहसम्मकोप्रयोग सन्दर्भलाई विश्लेषणात्मक रूपबाट निम्नानुसार प्रस्तुत गरिएको छ :

**नेपाली भाषा :** नेपालमा बोलिने भाषाहरूमा सबैभन्दा समृद्ध वा ठूलो भाषा नेपाली भाषा हो । यो कुनै जाति विशेषको भाषा नभई सम्पूर्ण नेपालीको साझा भाषा हो । यो भारोपेली परिवारको संस्कृत, प्राकृतबाट अपभ्रंश हुँदै विकसित भएको भाषा हो (गौतम र चौलागाईं, २०७०, पृ.३७१) । नेपालमा नेपाली भाषाले राष्ट्रभाषा, साझा सम्पर्क भाषा, शिक्षा, सञ्चार, प्रशासन तथा प्रकाशनको माध्यम भाषा बन्ने सौभाग्य पाएको छ । पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म नेपालमा मातृभाषा र दोस्रो भाषाका रूपमा नेपाली भाषालाई प्रयोग गर्ने गरिन्छ । भारतका विभिन्न ठाउँहरू दार्जिलिङ, सिक्किम, आसाम, भूटान, बर्मा आदि देशमा समेत नेपाली भाषी वक्ताहरू रहेका पाइन्छन् । बेलायत, अमेरिका, अस्ट्रेलिया र जापानमा विभिन्न व्यवसाय सञ्चालनलगायत कला एवम् डायस्पोरिक साहित्यका माध्यमबाट नेपाली भाषाको विकास तथा प्रचारप्रसार गरेकाले यसको प्रयोग व्यापक हुँदै गएको छ । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या १,१८,२६,९५३ अर्थात्४४.६४ प्रतिशत नेपालीहरूको मातृभाषा रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । देवनागरी लिपिमा लेखिने नेपाली भाषामा साहित्य सिर्जना, शब्दकोश निर्माण, पुस्तक तथा पाठ्यपुस्तक लेखन, व्याकरण लेखन विद्युतीय प्रकाशन, श्रव्यदृश्य सामग्रीको निर्माणलगायत नेपालका अन्य भाषहरूको संरक्षण, सम्बर्द्धन र विकासको आधारशीला बनेको छ ।

**मैथिली भाषा :** नेपाली भाषापछि दोस्रो स्थानमा रहेको भाषा मैथिली भाषा हो । मैथिली दक्षिण एसियाका दुई सन्निकट राष्ट्र (नेपाल र भारत) मा बोलिने एउटा स्वतन्त्र र सम्पन्न भाषा हो ( यादव,२०७१ : पृ. २४) । संस्कृत भाषाको मागधी प्राकृत भेदबाट विकसित मैथिली मिथिला क्षेत्रमा

बोलिने भएकाले यस भाषाको नाम मैथिली नामाकरण गरिएको हो । नेपालका पूर्वी तराई रौतहटको गौरदेखि सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, मोरङ, सुनसरी र झापासम्म बोलिन्छ (शर्मा र लुइटेल, २०६०, पृ. ३०५) । मैथिली भाषा हिन्दू आर्य परिवारको सदस्य भाषा हो । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ३०, ९२, ५३० अर्थात्११.६७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । यस भाषामा साहित्यलेखन, पत्रिका प्रकाशन, रेडियो तथा टि.भि.मा समाचार तथा अन्य विविध कार्यक्रम प्रसारण, फिल्म, टेलिफिल्म निर्माणजस्ता कार्यहरू भएका छन् । पहिले तिरहुता लिपिमा लेखिने मैथिली भाषा अहिले देवनागरी लिपिमा नै लेखिने गरिएको छ । यस भाषामाप्राथमिक तहदेखि उच्च तहसम्म ऐच्छिक विषयका रूपमा पठनपाठन गर्न पाउने व्यवस्था समेत रहेको छ । यस भाषामा साहित्य लेखन, शब्दकोश निर्माण, व्याकरण लेखन, पत्रपत्रिका प्रकाशन, रेडियोको प्रशारण, र चलचित्रनिमार्णकोविकास भएको छ ।

**भोजपुरी भाषा :** भोजपुरी भाषासंस्कृतबाट विकसित मागधी प्राकृतिक भाषाबाट विकसित भएको भाषा हो । पाली, प्राकृतिक र संस्कृतसम्मको इतिहासलाई हेर्दा यो भाषाको इतिहास निकै पुरानो रहेको पाइन्छ (पौडेल र भट्टराई, २०७७ : पृ.२१४) ।भारतको प्राचीन नगर भोजपुरमा बोलिने भएकाले यस भाषाको नाम भोजपुरी रहन गएको हो ।त्यसो त नेपालमा पनि भोजपुर जिल्ला छ तर नेपालको भोजपुर जिल्लासँग यस भाषाको कुनै सम्बन्ध देखिँदैन । नेपालभन्दा भारतमा बढी बोलिने यो भाषा नेपालका बारा, पर्सा, रौतहट, चितवन, रूपन्देही आदि जिल्लाहरूमा बोलिन्छ । पहिले कैथि लिपिमा लेखिने भोजपुरी भाषा हाल देवनागरी लिपिमा नै लेखिन थालेको छ । विशेष गरी बाजी र थारुलगायतका जनजातिहरूले यस भाषाको प्रयोग गर्ने गर्दछन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या १५,८४,९५८ अर्थात् ५.९८ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) ।प्राचीन साहित्य र लोक साहित्यमा भोजपुरी भाषा समृद्ध मानिन्छ । यस भाषामा साहित्य सिर्जना, रेडियो प्रशारण, पत्रपत्रिकाको प्रकाशन, चलचित्र निर्माण र प्राथमित तहमा मातृभाषामा शिक्षण र ऐच्छिक विषयका रूपमा कक्षा बाह्र कक्षासम्म पठठनपाठन गर्ने व्यवस्था रहेको पाइन्छ ।

**थारू भाषा :** यो भाषा मागधी प्राकृतबाट विकसित भएको मानिन्छ । थारू जातिले प्रयोग गर्ने भएकाले यस भाषालाई थारू भाषा भनिएको हो ।तराईका जिल्लाहरू मोरङ, सुनसरी, सप्तरी, चितवन, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका साथै भित्रीमधेश नै यस भाषाका वक्ताहरूको मूल थलो हो (ढकाल, २०६६, पृ. ३८२) । थारूहरू नेपालका प्राचीन आर्य जाति हुन् । नेपालको तराईका जिल्लाहरू पूर्वदेखि पशिचमसम्मका थारू समुदायमा यस भाषाको प्रयोग गरिन्छ । मैथिली, भोजपुरी, हिन्दी आदि भाषाहरूबाट प्रभावित थारू भाषामा ठाउँअनुसार विविधता पाइन्छ । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या १७,३७,४७० अर्थात् ५.७७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । लोकसाहित्यका दृष्टिले यो भाषा सम्पन्न रहेको छ । थारू भाषामा लिपि, लोकसाहित्यको विकास, चलचित्र निर्माण, रेडियो प्रशारण, पत्रपत्रिकाको प्रकाशन तथा प्राथमिक तहमा मातृभाषासम्म शिक्षामा पाठ्यक्रमको व्यवस्था समेत भएको छ । महेश चौधरीले प्रकाशनमा ल्याएको 'गोचाली' पहिलो साहित्यिक पत्रिका हो भने राना, कठरीया, देसाउरी, दङ्गाहा, चितौनीया, बारा सप्तरीया र मोरङ्गीयामा प्रज्ञा प्रतिस्ठानबाट लघु अनुसन्धान प्रकाशनको क्रममा रहेको छ (पौडेल र भट्टराई, २०७७ : पृ.२१४) ।

**तामाङ भाषा :** तामाङ भाषा भोट बर्मेली परिवारअन्तर्गतको भाषा हो । विशेष गरी काठमाडौं, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, नुवाकोट, दोलखा, मकवानपुर, सिन्धुलीलगायतका केही जिल्लाहरूमा यो भाषा बढी बोलिने गरिन्छ । यस भाषाको केन्द्रविन्दुका रूपमा बाग्मती प्रदेशलाई लिने गरिन्छ । नेपाल बाहिर भारतका विभिन्न ठाउँहरू दार्जिलिङ, सिक्किम, आसाम, नागालैंड, भूटान, बर्मा आदि देशमा समेत यस जातिको बसोबास रहेको छ (पौडेल र भट्टराई, २०७७ : पृ.२१५) । यस भाषाको लिपिलाई 'ताम्हिग' भनिन्छ । यस भाषाका प्राचीन कृतिहरू तिब्बती लिपिमा लेखिएका भए पनि हिजोआज देवनागरी लिपिमा लेख्न थालेको पाइन्छ (ढकाल, २०६६, पृ. ३८४-३८५) । अहिले भने देवनागरी लिपिमा नै यस भाषाको लेखन कार्य बढ्दो क्रममा रहेको छ । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या १३,५३,३११ अर्थात् ५.१० प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । यस भाषामा प्राथमिक तहसम्म पठनपाठनको व्यवस्था भएको छ भने यसका अतिरिक्त शब्दकोश निर्माण, व्याकरण लेखन, लेखन पद्धतिको विकास, लेख्यसाहित्य, बालसाहित्यको विकास, सञ्चार माध्यममा प्रयोग विस्तार, गीतिएल्वम निर्माण, चलचित्रको निर्माण, पाठ्यक्रम, पाठ्यपुस्तक लेखन, मातृभाषाको विकासमा विशेष चासो बढाइएकाले, विभिन्न समाचार प्रसारण लगायतमा काम भएको देखिन्छ ।

**नेवारी वा नेपाल भाषा :** नेवार समुदाय वा जातिले बोल्ने भाषालाई नेवारी वा नेपाल भाषा भनिन्छ । नेवार जातिको  बसोबार र नेवार भाषाको मुख्य विकास भएको क्षेत्र काठमाडौं उपत्यका हो (पौडेल र भट्टराई, २०७७ : पृ.२१५) । नेवार भाषा काठमाडौंका अतिरिक्त सिन्धुपाल्चोक, मकवानपुर, काभ्रेपलाञ्चोक, दोलखा, रामेक्षाप, तनहुँ, कास्की, डोटीलगायतका जिल्लाहरूमा बोलिन्छ । यो भाषा अहिले नेपालका विभिन्न जिल्लाहरूमा फैलिएको छ । नेपाल भाषा भनेर चिनिने यस भाषाको लिपि रञ्जना लिपि हो ।पहिले नेवारी लिपि र क्योमोल, गोलमोल, भुँजिमोल, रञ्जना, लुतिमोल आदि शैलीमा लेखिएको पाइएता पनि अहिले यस भाषामा देवनागरी लिपिको प्रयोग भएको पाइन्छ (शर्मा र लुइटेल, २०६०, पृ.३१०) । नेवारको आदिवासी समुदायलाई नेवाः भनिने तथा यही नेवा भाषाबाटै अप्रभंश भएर नेपाल नाम रहन गएको इतिहासबाट स्पष्ट हुन्छ ।  राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ८,४६,५५७ अर्थात् ३.१९ प्रतिशत रहेको छ ( राष्ट्रिय जनगणना, २०६८) । यस भाषामा साहित्यको लेखन उल्लेखनीय रूपबाट भएको पाइन्छ । पत्रपत्रिकाको प्रकाशन हुनु, रेडियो प्रशारण हुनु, चलचित्रको निर्माण हुनुलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ । यस भाषामा स्नातकोत्तर तहसम्ममा पठनपाठन हुने गर्दछ । भाषालाई पुराना पुस्ताले नयाँ पुस्तालाई हस्तान्तरण गर्दै आफ्नो कला, संस्कृति, परम्पराको संरक्षण, सम्बर्धन र विकास गर्नतर्फ केन्द्रित गरेको पाइन्छ ।

**बज्जिका भाषा :** यो मगधी प्राकृतबाट विकसित भएको भाषा हो । भारतको विहारको वैशाली, मजफरपुर सीतामादी र चम्पारण जिल्लाका क्षेत्रमा यो भाषा बोलिने गरेको पाइन्छ । यस भाषामा मैथिली र भोजपुरी भाषाको प्रभाव केही रूपमा परेको छ । नेपालका रौतहट, सर्लाही र महोत्तरी जिल्लामा यो भाषा बोलिने गरिन्छ । सबैभन्दा बढी वक्ता तथा प्रयोग कर्ता भएको जिल्ला रौतहट हो (पौडेल र भट्टराई, २०७७ : पृ.२१६) ।यस भाषाका वक्ताहरू दिनप्रति दिन बढ्दो क्रममा रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ७,९३,४१६ अर्थात् २.९९

प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । यस भाषाको विकासको गति मूलतः २०६० को दशकबाट तीव्र रूपमा अगाडि बढेको देखिन्छ । यस भाषाको जन्मथलो वा आदर्श तथा मानक रूप भारतको वैशाली र मजफरपुर वा त्यसका आसपासमा रहेको मानिएको छ (पौडेल, २०७१ : पृ.९९) । यस भाषाले पनि पठनपाठन, शिक्षा, साहित्य, पत्रपत्रिका, संचार शब्दकोश निर्माण र व्याकरण लेखनका क्षेत्रमा आफ्नो भाषाको स्थान राम्रो बनाउँदै लगेको पाइन्छ ।

**मगर भाषा :** नेपालका मगर जातिहरूले बोल्ने भाषालाई मगर भाषा भनिन्छ । विशेष गरी नेपालका तनहुँ, स्याङ्जा, पर्वत, गुल्मी, बाग्लुङ, पाल्पा, प्युठान, अछाम, दैलेख, सुर्खेत उदयपुरलगायतका जिल्लाहरूमा मगर भाषाको प्रभाव बढी पाइन्छ । यस भाषाका वक्ताहरू केही सङ्ख्यामा नेपालका तराईका जिल्ला कैलाली, सर्लाही, महोत्तरी, धनुषा आदिमा पनि पाइन्छन् । यस भाषाको लिपिलाई अख्खा भनिन्छ । यसलाई लाङ्घाली, लाखाली काइकेलीका नामले पनि चिनाएको पाइन्छ (ढकाल, २०६६, पृ. ३८५) । नेपाल बाहेक भारत, बर्मा, भुटानजस्ता देशहरूमा पनि यो भाषा बोलिने गरिन्छ । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ७,८८,५३० अर्थात् २.९७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । यस भाषामा केही मात्रामा साहित्य लेखन र भाषिक अध्ययनको प्रयास भएको पाइए तापनि जनचेतना र भाषाको विकासप्रति त्यति जागरूप भएको पाइदैन् । यस भाषामासाहित्यिक लेखन, अनुसन्धानका क्षेत्रमा चासो बढ्दै गएको भने पाइन्छ । प्राथमिक तहसम्म पठनपाठन, शब्दकोश निर्माण र व्याकरण लेखन, समचार प्रसारण र केही चलचित्रहरूको निर्माणले यो भाषा पनि सबल बन्दै गएको बुझिन्छ ।

**डोटेली भाषा :** डोटेली भाषा डोटी र त्यसका आसपासका जिल्लाहरूमा बोलिने गरिन्छ । यो भाषा भारोपेली परिवारको भाषा हो । यस भाषाको विकास तीव्र गतिका साथ भइरहेको छ । नेपालका अन्य भाषाहरू जाति र संस्कृतिका रूपमा नामाकरण भएका छन् भने यो भाषा भूगोल वा स्थानका आधारमा नामाकरण हुन पुगेको छ (पौडेल र भट्टराई, २०७७ : पृ.२१८) । भाषाविद् माधवप्रसाद पोखरेलकाअनुसार डोटेली भाषा छुट्टै भाषाका रूपमा नभई नेपाली भाषाको परपश्चिमा भाषिकाको रूपमा रहेको थियो र २०६८ सालको जनगणनाबाट मात्रै अस्तित्वमा आएको पाइन्छ ।( पोखरेल,२०५५ : पृ.६५) । नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशमा बोलिने यो भाषा विशेष गरी डोटी, वैतडी, बझाङ, अछाममा एक प्रकारले बोलिन्छ भने दार्चुला, डडेल्धुरा, आदि क्षेत्रमा अर्कै किसिमले बोलिन्छ । यस भाषाको आफ्नै लिपि नभएकाले देवनागरी लिपिमा नै लेखिने गरिन्छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ७,८७,८२७ अर्थात् २.९७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । यस भाषाको आफ्नै कला, संस्कृति र परम्पराको विकास भएको छ । फाग, देउडा, सगुन, हुड्केली नाच, धमारी, चैतली आदिजस्ता लोकसाहित्यिक संस्कृतिलाई डोटेली भाषाले सिर्जना गरी हुर्काएको छ । साहित्यको विकास, पत्रपत्रिकाको प्रकाशन, रेडियो नेपालबाट समचार वाचन, विभिन्न गीति नाटक, गीति एल्वमको निर्माण र मातृभाषामा शिक्षण आदिले भाषाको विकास तथा विस्तार राम्रो भएको पाइन्छ ।

**उर्दू भाषा :** नेपालमा उर्दू भाषाको प्रयोग अरवी, फारसी र संस्कृत भाषाका धेरै शब्दहरूको समिश्रणबाट भएको पाइन्छ । नेपालमा यो भाषा विशेष गरी पाकिस्तान र जम्मु-कस्मिरबाट

प्रभावित भाषा हो । नेपालमा मुस्लिम धर्म मान्नेहरूले यस भाषाको प्रयोग गर्ने गर्दछन् भने नेपाल बाहेक भारत, पाकिस्तान, बङ्गलादेश र केही अफ्रिकी मुलुकका मुस्लिम समुदायले यस भाषाको प्रयोग गर्ने गर्दछन् । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ६,९१,५४६ अर्थात् २.६१ प्रतिशत रहेको छ (जनगणना, २०६८) । नेपालका बाँके, कपिलवस्तु, रौतहट, बारा, पर्सा, सुनसरी,सिराह, मोरङ, महोत्तरी आदि जिल्लाहरूमा यस भाषाका वक्ताहरू रहेका छन् । नेपालमा प्राथमिक तहमा मदरसा शिक्षाका माध्यमबाट उर्दू भाषामा शिक्षण हुने गरेको छ । यसका साथै साहित्य लेखन, रेडियो नेपालबाट उर्दू भाषामा कार्यक्रमको सञ्चालन, पाठ्यपुस्तक लेखन र प्रकाशन लगायतका कार्यले यस भाषाको विकास तथा विस्तार भएको पाइन्छ ।

**अवधि भाषा :**यो भाषा भारतको उत्तर प्रदेशको अवध क्षेत्रमा बोलिने भएकाले यसको नाम अवधि रहन गएको हो । यो भाषा नेपालको नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर आदिजस्ता जिल्लाहरूमा बोलिन्छ (ढकाल, २०६६, पृ. ३८२) । अवधि भाषा पनि संस्कृतको अर्धमागधी प्राकृत भाषाबाट विकसित भएको भाषा हो । लोकसाहित्यको ठूलो भण्डार भएको अवधि भाषा पहिले स्वतन्त्र भाषाका रूपमा प्रतिष्ठित भए तापनि हाल यसलाई हिन्दी भाषाको क्षेत्रीय भेदका रूपमा लिइन्छ । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ५,०१,७५२ अर्थात् १.८९ प्रतिशत रहेको छ (जनगणना, २०६८) । यस भाषाको आफ्नै शैली छैन र यो देवनागरी लिपिमा नै लेखिने गरिन्छ । नेपालमा यस भाषामा लोकसाहित्य, बालसाहित्य, लेख्यसाहित्य, सञ्चारको पहुँच विस्तार, गीति एल्बम, चलचित्र निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, मातृभाषामा शिक्षाको पठनपाठन भएको पाइन्छ (पौडेल र भट्टराई, २०७७ : पृ.२१९) ।

**लिम्बु भाषा :** भोटबर्मेली परिवारभित्र पर्ने लिम्बु भाषा हिमाली वर्गको पूर्वी किराँती भाषा हो ।नेपालका पूर्वी जिल्लाहरू पाँचथर, इलाम, तेह्रथुम, ताप्लेजुङ, धनकुटा, संखवासभा, झापा लगाएतका जिल्लाहरूमा यस भाषाका वक्ताहरू बसोबास गर्ने गर्दछन् । त्यसका अलावा नेपालभन्दा बाहिर भारत, म्यान्मार, भुटान, हङकङ र बेलायततिर पनि यस भाषाका वक्ता तथा प्रयोगकर्ताहरू पाइने गर्दछन् । यस भाषाको लिपिका सम्बन्धमा तुम्बाहाङ (२०६९) ले ‘सिरिजङ्का’ र वैरागी काँइला (२०७६) ले ‘सिरिजङ्गा’ भनेका छन् (पौडेल र भट्टराई, २०७७ : पृ.२२०)। यिनीहरूको धर्म ग्रन्थ ‘मुन्धुम’ यसै लिपिमा नै लेखिएको छ (ओझा, २०६७, पृ.४२७) । राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ३,४३,६०३ अर्थात् १.२९ प्रतिशत रहेको छ (जनगणना, २०६८) । यस भाषामा लिपि, शब्दकोश लेखन, साहित्य लेखन, व्याकरण, पाठ्यपुस्तक लेखन, चलचित्रको निर्माण, रेडियो तथा टेलिभिजनको प्रशारण, मातृभाषामा शिक्षा तथा विकासका महत्त्वपूर्ण कार्यहरू भएका छन् । वैरागी काँइलाले लिम्बु जातिको मुन्तुमलाई लिम्बु भाषामा लेखिने सिरिजङ्गाा लिपि र देवनागरी लिपिमा लिम्बु भाषालाई लिपिबद्ध प्रारम्भ भएको कुराको उल्लेख गरेका छन् ।

**गुरूङ भाषा :** नेपालमा विशेष गरेर गण्डकी प्रदेशका क्षेत्रमा गुरूङ भाषी वक्ताहरूको बसोबास रहेको छ । नेपालका स्याङ्जा, कास्की, लमजुङ, मनाङ, मुस्ताङ, पर्वत, ताप्लेजुङ लगायतका

जिल्लाहरूमा यस भाषाका वक्ताहरू रहेका छन् । यस भाषाभाषीको प्राचीन मूलथलो लमजुङ भएपनि मनाङ, मुस्ताङ,कास्की, तनहुँ, पर्वत, स्याङ्जा, गोर्खा आदि क्षेत्रहरूमा यिनीहरूको बसोबास पाइन्छ (शर्मा र लुइटेल, २०६०, पृ.३११) । गुरुङ भाषा भोटबर्मेली परिवारको भाषा हो । तिब्बती भाषाको 'घोरुङ' शब्द अप्रभंश भएर गुरूङ शब्द भनेको भन्ने भनाइ रहेको पाइन्छ । सोरठी र घाटु यस भाषाका चर्चित लोकसांस्कृतिक रूप हुन भने यिनीहरू आफ्नो समुदायलाई तमु भन्न औंधी रूचाउने गर्दछन् । विभिन्न विद्वान्हरूले थकाली भाषा र तामाङसँग गुरूङ भाषाको निकटतम् सम्बन्ध रहेको कुरा बताएका छन् । कास्की जिल्लाको पोखरामा बोलिने गुरूङ भाषालाई मानक भाषा मानिन्छ । यस भाषामा ६ ओटा स्वर वर्ण र २९ ओटा व्यञ्जन वर्णको व्यवस्था रहेको पाइन्छ (ओझा, २०७१ : पृ.पृ.८१-८४) ।राष्ट्रिय जनगणना, २०६८ काअनुसार यस भाषाका वक्ताहरूको सङ्ख्या ३,२५,६२२ अर्थात् १.२२ प्रतिशत रहेको छ (जनगणना, २०६८) । यस भाषामा साहित्य लेखन, शब्दकोशको निर्माण, व्याकरण निर्माण, पाठ्यक्रम लेखन तथा प्रकाशन, विभिन्न नाटक, चलचित्र, गीति काव्यहरूको निर्माण, सञ्चारको पहुँच विस्तार समेत भएको पाइन्छ ।

**बैतडेली भाषा :** बैतडेली भाषा नेपालको सुदूरपश्चिमाञ्चल क्षेत्रमा विशेष गरी बैतडी जिल्ला र त्यसका आसपासका अन्य जिल्लाहरूमा प्रयोग हुने गरेको छ । यो भाषा नेपाल बाहेक भारतको कुमाउँ, गढवालतिरको कुमाउनी भाषासँग बढीमिल्दोजुल्दो रहेको छ । २०५८ सालको जनगणनामा यस भाषाले भाषिकाको मान्यता प्राप्त गरेकोमा, २०६८ को जनगणनामा भने मातृभाषाको स्थान पाएको छ । बैतडेली भाषामा निर्जीवका लागि स्त्री लिङ्गी भाषाको प्रयोग हुने हुँदा यसलाई स्त्रीलिङ्गी प्रधान भाषा पनि भनिन्छ (पौडेल र भट्टराई, २०७७ : पृ.२२२) । यो भाषा मौलिक साहित्य र लोकसंस्कृतिमा बाँचेको देखिन्छ । यस भाषामा पत्रपत्रिकाको प्रकाशन हुनु, रेडियोमा विभिन्न प्रकारका भाषासँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन हुनु, शब्दकोशको लेखन हुनु, गीत सङ्गालोको विकास हुनु, चलचित्रको निर्माण गरिनु, व्याकरण लेखिनु, पाठ्यपुस्त लेखिनु आदिजस्ता कार्यले भाषाको विकासमा महत्त्वपूर्ण काम गरेको देखिन्छ । शैक्षिक विकास र मातृभाषाको विकासमा यो भाषा प्रारम्भिक अवस्थामा नै रहेको पाइन्छ । नेपालमा रहेका प्रमुख भाषाहरूको प्रयोग अवस्थालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं | भाषा | बोलिने क्षेत्र | वक्ता प्रतिशत | लिपि | प्रयोग सन्दर्भ |
|---|---|---|---|---|---|
| १ | **नेपाली** | नेपालका प्रायः सबै क्षेत्रमा र नेपाल बाहिरका विभिन्न देशमा बोलिने | ४४.६४ प्रतिशत रहेको | देवनागरी लिपि | साहित्य सिर्जना, व्याकरण लेखन, शब्दकोश निर्माण, मातृभाषादेखि विद्यावारिधिसम्म पठनपाठन, पत्रपत्रिकाको पकाशन, सञ्चारका माध्यमबाट प्रसारण तथा प्रकाशन आदि । |
| २ | **मैथिली** | नेपालको मिथिला राज्य र त्यसभित्रका ६ जिल्लाभित्र बोलिने | ११.६७ प्रतिशत रहेको | मिथिलाक्षर लिपि (तिरहुता) | साहित्य लेखन, व्याकरण लेखन, शब्दकोश निर्माण, मातृभाषादेखि उच्चतहसम्मको पठनपाठन, पत्रपत्रिकाको पकाशन, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **भोजपुरी** | नेपालका मध्यतराईका जिल्लाहरू बारा, पर्सा, रौतहट, सर्लाही, नवलपरासी, रुपन्देही चितवन आदि जिल्लामा बोलिने | ५.५८ प्रतिशत रहेको | कैथि | साहित्य लेखन, व्याकरण लेखन, शब्दकोश निर्माण, मातृभाषादेखि उच्चतहसम्मको पठनपाठन, पत्रपत्रिकाको पकाशन, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| ४ | **थारू** | नेपालका तराईका जिल्लाहरू कैलाली, कञ्चनपुर, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, चितवन, उदयपुर, बारा आदि जिल्लामा बोलिने | ५.७७ प्रतिशत रहेको | देवनागरी | लोकसाहित्य लेखन, शब्दकोश निर्माण, मातृभाषामा पठनपाठन, पत्रपत्रिकाको पकाशन, चलचित्र निर्माण सञ्चारका माध्यम ( रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| ५ | **तामाङ** | नेपालका रसुवा, सिन्धुली, रामेछाप, धादिङ, नुवाकोट, मकवानपुर, भोजपुर, लगायतका जिल्लाहरूमा बोलिने | ५.१० प्रतिशत रहेको | ताम्हिग | साहित्य लेखन, व्याकरण लेखन, शब्दकोश निर्माण, मातृभाषादेखि उच्चतहसम्मको पठनपाठन, बालसाहित्य र लोक साहित्यको विकास, पाठयक्रम र पाठ्यपुस्तक लेखन, पत्रपत्रिकाको पकाशन, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| ६ | **नेवार** | नेपालका वाग्मती, मकवानपुर, रामेछाप, म्याग्दी, तनहु, कास्की, सिन्धुपाल्चोक लगायतका जिल्लाहरूमा बोलिने | ३.१९ प्रतिशत रहेको | रञ्जना | साहित्य लेखन, शब्दकोश निर्माण, मातृभाषादेखि स्नातकोत्तरसम्मको पठनपाठन, पत्रपत्रिकाको पकाशन,गीति एल्वम निर्माण, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| ७ | **बज्जिका** | नेपालका सर्लाही, रौतहट, र महोत्तरी लगायतका जिल्लाहरूमा बोलिने | २.९९ प्रतिशत रहेको | देवनागरी | शिक्षा, साहित्य शब्दकोश निर्माण, व्याकरण लेखन, सञ्चारका माध्यम ( रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| ८ | **मगर** | नेपालका उदयपुर, तनहु,, स्याङ्जा, म्याग्दी, पर्वत, गुल्मी, बाग्लुङ, पाल्पा, प्युठान, अछाम, दैलेख लगायतका जिल्लाहरूमा बोलिने | २.९७ प्रतिशत रहेको | अख्खा | साहित्य लेखन, व्याकरण लेखन, शब्दकोश निर्माण, मातृभाषामा पठनपाठन, पत्रपत्रिकाको पकाशन, गीति एल्वम निर्माण, चलचित्रको निर्माण, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | **डोटेली** | नेपालका डोटी, डडेल्धुरा लगायत सुदूरपश्चिम र कर्णाली क्षेत्रका जिल्लाहरूमा बोलिने | २.९७ प्रतिशत रहेको | देवनागरी | साहित्य लेखनका विकास, व्याकरण लेखन, शब्दकोश निर्माण,शिक्षणसंस्थामा पठनपाठन, पत्रपत्रिकाको पकाशन, गीति एल्वम निर्माण, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| १० | **उर्दू** | नेपालका बाँके, कपिलवस्तु रौतहट, पर्सा, वारा, धनुषा, महोत्तरी, सर्लाही, सुनसरी, सिराहा, मोरङ, कैलाली, चितवन जिल्लाहरूमा बोलिने | २.६१ प्रतिशत रहेको | अरवी | भाषा साहित्य लेखन, मदरसा शिक्षण संस्थामा पठनपाठन, पत्रपत्रिकाको पकाशन, पाठ्यपुस्तक प्रकाशन, सञ्चारका माध्यम (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |
| ११ | **अवधी** | नेपालका नवलपरासी, कपिलवस्तु, रुपन्देही, दाङ, बाँके, बर्दिया जिल्लाहरूमा बोलिने | १.८९ प्रतिशत रहेको | देवनागरी | लोकसाहित्य, बालसाहित्य, लेख्य साहित्यको विकास, चलचित्र निर्माण, गीति एल्वम निर्माण, सञ्चारका माध्यमको विकास, पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणमा जोड आदि । |
| १२ | **लिम्बु** | नेपालका ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, संखवासभा, धनकुटा, झापा, जिल्लाहरूमा बोलिने | १.२९ प्रतिशत रहेको | सिरिजङ्गा | लिपि, शब्दकोश निर्माण, व्याकरण लेखन, पाठ्यपुस्तक लेखन, साहित्यको विकास, मातृभाषामा पठनपाठन, पत्रपत्रिकाको पकाशन, टि.भी.बाट प्रसारण तथा प्रकाशन आदि । |
| १३ | **गुरुङ** | नेपालका स्याङ्जा, कास्की, लमजुङ, मुस्ताङ, पर्वत, ताप्लेजुङ जिल्लाहरूमा बोलिने | १.२२ प्रतिशत रहेको | खेमा | शब्दकोश निर्माण, व्याकरण लेखन, पाठ्यक्रम लेखन, साहित्यको विकास, सञ्चारको प्रसारण आदि । |
| १४ | **बैतडेली** | नेपालका सुदूरपश्चिम जिल्लाका केही जिल्लाहरूमा बोलिने | १.०२ प्रतिशत रहेको | देवनागरी | शिक्षा विकासको प्रारम्भिक चरण, साहित्य गीत, सङ्गीतको विकास, (रेडियो र टि.भी.)बाट प्रसारण तथा प्रकाशन आदि । |

**स्रोत : (पौडेल र भट्टराई, २०७७ : पृ.पृ २२३, २२४, २२५)** ।

**नेपालका अन्य अल्पसङ्ख्यक भाषाहरू :** एक लाखभन्दा कम वक्ता भएका भाषाहरूलाई अल्पसङ्ख्यक भाषा भनिन्छ । सम्बन्धित भाषाका वक्ताहरू कम हुदै जानु, परिवर्तित परिवेशमा कुनै मातृभाषाका वक्ताहरूले आफ्नो मातृभाषा आफ्ना हितमा नभएको ठानेर तिनका सट्टामा आफूलाई

प्रत्यक्ष फाइदा पुगोस भनी सिकिने अन्य भाषाका कारणले पनि भाषा लोपको सङ्धारमा जाने गर्दछ । भाषा प्रयोगमा कमी आउनु, कमजोर आर्थिक अवस्था हुनु र वक्ता सङ्ख्या कम हुनुलाई पनि भाषा अल्पसङ्ख्यक अवस्थामा जाँदै छ भन्ने कुराको सङ्केत गर्दछ । अल्पसङ्ख्यक भाषाहरूलाई तिनीहरूको प्रयोग अवस्थाका आधारमा तिनओटा उपकोटिमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ । जुन निम्नानुसार रहेकाछन् :

(क) १०हजारभन्दा बढी वक्ता भएका भाषाहरू

(ख) १ हजारदेखि १० हजारसम्म वक्ता भएका भाषाहरू

(ग) १ हजारभन्दा कम वक्ता भएका भाषाहरू । यी भाषाहरूलाई रेखाचित्रको तालिकामा यसरी सूचीकृत गरिएको छ ।

**(क) १० हजारभन्दा बढी वक्ता भएका भाषाहरू :** नेपालीमा १० हजारभन्दा बढी वक्ता भएका भाषाहरूको सङ्ख्या ३० ओटा रहेको छ । यी ३० ओटैं भाषाहरू नेपालमा लोपोन्मुख भाषाका रूपमा रहेकाले यिनीहरूको संरक्षण गर्नु राज्य र सम्बन्धित भाषिक समुदायको प्रमुख दायित्व हो । नेपालमा तिसहजारभन्दा बढी वक्ता भएका भाषा र तिनको सङ्ख्या विवरण निम्नानुसार रहेको छ :

| क.सं. | भाषा | वक्ताहरूको सङ्ख्या | क.सं. | भाषा | वक्ताहरूको सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | हिन्दी | ७७,५६९ | १६ | बङ्गला | २१,०६१ |
| २ | चामलिङ | ७६,८०० | १७ | थुलुङ | २०,६५९ |
| ३ | बझाङी | ६७,५८१ | १८ | याक्खा | १९,५५८ |
| ४ | सन्थाल | ४९,८५८ | १९ | धिमाल | १९,३०० |
| ५ | चेपाङ | ४८,४७६ | २० | तजपुरिया | १८,८११ |
| ६ | दनुवार | ४५,८२१ | २१ | अङ्गिका | १८,५५५ |
| ७ | सुनुवार | ३७,८९८ | २२ | सामपाङ | १८,२७० |
| ८ | मगही | ३५,६१४ | २३ | खालिङ | १४,४६७ |
| ९ | उराँव | ३३,६५१ | २४ | वाम्बुले | १३,४७० |
| १० | कुलुङ | ३३,१७० | २५ | कुमाल | १२,२२२ |
| ११ | खम | २७,११३ | २६ | दराई | ११,६७७ |
| १२ | राजस्थानी | २५,३९४ | २७ | बाहिङ | ११,६५८ |
| १३ | माझी | २४,४२२ | २८ | बाजुरेली | १०,७०४ |
| १४ | थाङ्मी | २३,१५१ | २९ | यहोत्मो | १०,१७६ |
| १५ | भुजेल | २१,७१५ | ३० | नाछिरिङ | १०,०४१ |

**(ख) १ हजारदेखि १० हजारसम्म वक्ता भएका भाषाहरू :** नेपालीमा १ हजारदेखि १० हजारसम्मवक्ता भएका भाषाहरूको सङ्ख्या ३७वटा रहेको छ । यी ३७ ओटैं भाषाहरू नेपालमा लोपोन्मुख भाषाका रूपमा रहेकाले यिनीहरूको संरक्षण गर्नु राज्य र सम्बन्धित भाषिक समुदायको प्रमुख दायित्व हो ।। नेपालमा एकहजारदेखि दशहजारसम्म वक्ता भएका भाषा र तिनको सङ्ख्या निम्नानुसार रहेको छ :

| **क्र.सं.** | **भाषा** | **वक्ताहरूको सङ्ख्या** | **क्र.सं.** | **भाषा** | **वक्ताहरूको सङ्ख्या** |
|---|---|---|---|---|---|
| १ | याम्फू | ९,२०८ | २० | गनगाई | ३,६१२ |
| २ | बोटे | ८,७६६ | २१ | पहरी | ३,४५८ |
| ३ | घले | ८,०९२ | २२ | दैलेखी | ३,१०२ |
| ४ | दुमी | ७,६३८ | २३ | ल्होपा | ३,०२९ |
| ५ | लाप्चा | ७,४९९ | २४ | दुरा | २,१५६ |
| ६ | पुमा | ६,६८६ | २५ | कोचे | २,०८० |
| ७ | दुङमाली | ६,२६० | २६ | छिलिङ | २,०४६ |
| ८ | दार्चुलेली | ५,९२८ | २७ | अङ्ग्रेजी | २,०३२ |
| ९ | अठपरिया | ५,५३० | २८ | जेरुङ | १,७६३ |
| १० | थकाली | ५,२४२ | २९ | खस | १,७४७ |
| ११ | जिरेल | ४,८२९ | ३० | संस्कृत | १,६६९ |
| १२ | मेवाहाङ | ४,६५० | ३१ | डोल्पाली | १,६६७ |
| १३ | साङ्केतिक भाषा | ४,४७६ | ३२ | हायु | १,५२० |
| १४ | तिब्बती | ४,४४५ | ३३ | तिलुङ | १,४२४ |
| १५ | मेचे | ४,३७५ | ३४ | कोई | १,२७१ |
| १६ | छन्त्याल | ४,२८३ | ३५ | किसान | १,१७८ |
| १७ | राजी | ३,७५८ | ३६ | वालिङ | १,१६९ |
| १८ | लोहोरुङ | ३,७१६ | ३७ | मुसमान | १,०७५ |
| १९ | छिन्ताङ | ३,७१२ | | | |

(ग) **१ हजारभन्दा कम वक्ता भएका भाषाहरू :** नेपालीमा१ हजारभन्दा कम वक्ता भएका भाषाहरूको सङ्ख्या ३७वटा रहेको छ । यी ३७ ओटैं भाषाहरू नेपालमा लोपोन्मुख भाषाका रूपमा रहेकाले यिनीहरूको संरक्षण गर्नु राज्य र सम्बन्धित भाषिक समुदायको प्रमुख दायित्व हो ।। नेपालमा एकहजारभन्दा कम वक्ता भएका भाषा र तिनको सङ्ख्या विवरण निम्नानुसार रहेको छ :

| **क्र.सं.** | **भाषा** | **वक्ताहरूको सङ्ख्या** | **क.सं.** | **भाषा** | **वक्ताहरूको सङ्ख्या** |
|---|---|---|---|---|---|
| १ | हरियानी | ८८९ | २० | खडिया | २३८ |
| २ | जुम्ली | ८५१ | २१ | कुर्माली | २२७ |
| ३ | ल्होमी | ८०८ | २२ | बराम | १५५ |
| ४ | पन्जावी | ८०८ | २३ | लिङखिम | १२९ |
| ५ | बेल्हारे | ५९९ | २४ | सधानी | १२२ |
| ६ | उडिया | ५८४ | २५ | कागते | ९९ |
| ७ | सोनाहा | ५७९ | २६ | झोंखा | ८० |
| ८ | सिन्धी | ५१८ | २७ | बनकरिया | ६९ |
| ९ | डडेल्धुरी | ४८८ | २८ | काइके | ५० |
| १० | ब्याङ्सी | ४८० | २९ | गढवाली | ३८ |
| ११ | आसामी | ४७६ | ३० | फान्सेली | ३४ |
| १२ | राउटे | ४६१ | ३१ | मिजो | ३२ |
| १३ | सास | ४०१ | ३२ | कुकी | २९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | मनाङी | ३९२ | ३३ | कुसुन्डा | २८ |
| १५ | धुलेली | ३४७ | ३४ | रसियन | १७ |
| १६ | फाङदुआली | २९० | ३५ | स्पेनिस | १६ |
| १७ | सुरेल | २८७ | ३६ | नागामी | १० |
| १८ | मालपाँडे | २४७ | ३७ | अरबी | ८ |
| १९ | चिनियाँ | २४२ | | | |

**स्रोत : राष्ट्रिय जनगणना २०७८**

यसरी राष्ट्रिय जनगणना २०६८ अनुसार उल्लेखित अल्पसङ्ख्यक भाषाहरूको सङ्ख्या अत्याधिक अर्थात् १०४ रहेको छ । यी भाषाहरूका सङ्ख्यामा अत्याधिक बृद्धिहुनुका प्रमुख कारणहरूमध्ये लोकतान्त्रिक जागरण, भाषा जातीय र सांस्कृतिक पहिचानको प्रमुख आधार हुनु र मातृभाषाप्रति सजगता र चासो बढ्नु आदि मुख्य रहेका छन् ।

## निष्कर्ष

नेपालएक बहुभाषिक, बहुसांस्कृत, बहुजातीय र बहुधार्मिक मुलुक हो । बहुभाषिक मुलुक भएकाले यहाँ सबै भाषाको अस्तित्वलाई सुरक्षित गर्दै तिनको संरक्षण, समबर्द्धन र विकास गर्दै जानुपर्दछ । देशभित्र लोप हुन लागेका वा लोपोन्मुख अवस्थामा पुगेका सबै भाषाहरूको संरक्षण, सर्म्बद्धन र बचाउ गर्नु राष्ट्रको पहिलो कर्तव्य हो । नेपालमा भारोपेली, भोटचिनियाँ तिब्बती, आग्नेली, द्रविड र एकभाषा (कुसुन्डा)  गरी पाँच प्रकारका भाषा परिवार रहेका छन् । समाज, समय, राष्ट्रिय जनगणनाको प्रतिवेदनसँगै अद्यावधिक गर्दै सबै भाषाको अस्तित्व, संरक्षण, सम्बर्द्धन र विकास गर्नका लागि समाजको लोकसंस्कृति, भाषा साहित्य, शब्दकोश निर्माण, व्याकरण लेखन, मातृभाषादेखि विद्यावारिधिसम्मको पठनपाठन, भाषा प्रयोग गरिने मुख्य क्षेत्रहरू र सञ्चारमा भाषाको प्रयोग अवस्थाका बारेमा अध्ययन गर्नुपर्ने हुन्छ । राष्ट्रिय जनगणना २०६८ र भाषा आयोग २०७८ को प्रतिवेदनामा पेस गरिएको तथ्याङ्कलाई हेर्दा नेपालका १३१ भाषाहरूमध्ये १४ ओटा भाषा मात्र १ पैतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका छन् भने १०९ ओटा भाषाका वक्ताहरू १ प्रतिशतभन्दा कम रहेका छन् । वक्ता सङ्ख्याको आधारलाई हेर्दा १९ ओटा भाषाका वक्ताहरूको सङ्ख्या एकलाखभन्दा माथि अर्थात् कुल जनसङ्ख्याको ९५.९१ प्रतिशत रहेको छ । भाषा आयोग २०७८ को प्रतिवेदनमा उल्लेख भएका १३१ ओटा भाषाहरूमध्ये अधिकाँश भाषाहरू लोपोन्मुख हुन् । भाषाहरूको जीवन्तताको स्थितिलाई हेर्दा सुरक्षित भाषा ५३ ओटा, संकटापन्न भाषा ५१ ओटा, अपसरणशील भाषा ११ ओटा, मृतप्रायः भाषा ६ ओटा, सुषुप्त भाषा १ ओटा र लोप भएको भाषा १ ओटा रहेको कुरा उल्लेख गरेका छन् । (रेग्मी, २०१७ : ४५) ।लिपिभन्दा लेख्य परम्परा नहुनु, पुस्ताहस्तान्तरणको प्रक्रिया रोकिनु, बसाइसराइका कारण भाषिक जनसङ्ख्या छरपष्टिनु, सबै भाषाले मातृभाषामा शिक्षण सिकाइ गर्न नसक्नु र भाषाको विकासले निरन्तरता नपाउनु, आदि कारणहरूले अहिले धेरैजसो मातृभाषी समुदायले आफ्नो भाषाको विकास तथा बिस्तारमा कठिनाइ भोग्नु परिरहेको छ । उक्त कठिनाइबाट छुटकारा पाउनका लागि हामी सबैले आ-आफ्नो भाषाको संरक्षण, सर्म्बद्धन र विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि (२०६५), *नेपाली भाषाको इतिहास,*काठमाडौं : भुँडी पुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रिविशाल (२०७४), *साठी वर्षका भाषिक चर्चा,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार

ओझा, रामनाथ (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : वाङ्मय प्रकाशन गृह विभाग ।

गातैम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* काठमाडौं : पाठ्य सामग्री पसल ।

ढकाल, शान्तिप्रसाद (२०६६) (चौथो सं.), *सामान्य भाषविज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४०), *नेपाली वृहत्त शब्दकोश, काठमाडौं* : नेपाल प्रज्ञा प्रतिष्ठान

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषा नीति योजना र आधार,* काठमाडौं : इन्टेलेक्च्युअल्स बुक्स प्यालेस कीर्तिपुर

बन्धु, चूडामणि (२०७३), *नेपाली भाषाको उत्पत्ति,* ललितपुर : साझा प्रकाशन ।

भाषा आयोग (२०७८), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* काठमाडौं ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी भीमनारायण (२०५९), *भाषाविज्ञान,*(दो.सं.),काठमाडौं : न्युहिरा बुक्स इन्टरप्राइजेज

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान २०६३,* काठमाडौं ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौं ।